कार्यान्वयन गरिनेछ भने बाकी महत्वपूर्ण आयोजनाहरुको डिपीआर तयारीको कार्य थालनी गरिनेछ।

- त्रिवेणी नगरपालिकाको मौरे जिरोप्वाईन्ट देखी छतारा, गडीगाँउ र पैमा सडकलाई नगरपालिकाको मुख्य सडकका रुपमा हेरी उक्त सडकहरुमा स्तरोन्नतीको कार्यमा तिब्रता दिईनेछ। र आगामी २ बर्ष भित्र यि सडकको स्तरोन्नतीको कार्य सम्मन्न गरिने लक्ष्य लिईएको छ।
- त्रिवेण नगरपालिकाको सडक संजालले नजोडेको एक मात्र वडा किम्नीमा यसै आ.ब. २०८०/०८१ भित्र पुर्याउने गरि कार्य संचालनमा ल्याईनेछ।
- साँफे मार्तडी प्रादेशीक सडकवाट त्रिवेणी नगरपालिका जोडने मौरे मोटरेवल पुल र बल्दे रिङ्तोला मोटरेवल पुलको कार्य यसै आ.ब.२०८०/०८१ प्रारम्भ हुने गरी संघिय सरकारमा विशेष पहल गरिनेछ।
- त्रिवेणी नगरपालिकाको केन्द्र जोडने मालागाड मोटरेवल पुल निर्माणका लागी यसै आ.ब. मा कार्य थालनी हुने गरि सम्वन्धित निकायमा बिशेष पहल गरिनेछ।
- वडिमालिका- नाटेश्वरी धार्मीक पर्यटकीय क्षेत्रलाई मध्यनजर गरी मौरे नाटेश्वरी केवलकार निर्माणका लागी पूर्व सम्भाब्यता अध्ययनको कार्य गरिनेछ।
- वाजुराको त्रिवेणी र अछाम जिल्लाको मेल्लेख गाँउपालिका विचमा पर्ने काँसेगाडमा मोटरेवल पुलका लागी संघ तथा प्रदेश सरकारमा पहल गरिनेछ।
- वडाको केन्द्रसम्म पुग्ने सवै वडाका सडकहरुको स्तरोन्तीका लागी संघ, प्रदेश र नगरको आफ्नै लगानीमा कार्यान्वयन तिब्र पारिने नीति लिईएको छ।

